# वेलेनटाइन डे को वास्तविकता र त्यसको हुकुम

[ नेपाली - Nepali - نيبالي ]


लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी



2015 - 1436

IslamHouse.com

# حقيقة عيد الحب وحكمه

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:
□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९७२७६४९२३८
९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

Email- atiqkhannp1982@yahoo.com

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत  साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे । प्रस्तुत पुस्तिकामा मैले प्रेमको पर्व अर्थात वेलेनटाइन डे (**valentine day**) को बारेमा र त्यसको बारेमा इस्लामको दृष्टिकोणलाई कुरआन

हदीस र विद्हरूको कथनको प्रकाशमा प्रष्ट पार्ने प्रयास गरेको छु

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# valentine day
# वेलेनटाइन डे

قَالَ تَعَالَىٰ: ﴿ إِنَّ ٱلَّذِينَ يُحِبُّونَ أَن تَشِيعَ ٱلْفَٰحِشَةُ فِى ٱلَّذِينَ ءَامَنُوا۟ لَهُمْ عَذَابٌ أَلِيمٌ فِى ٱلدُّنْيَا وَٱلْءَاخِرَةِ ۚ وَٱللَّهُ يَعْلَمُ وَأَنتُمْ لَا تَعْلَمُونَ ﴿١٩﴾ ﴾ النور: ١٩

अर्थ : जुन मानिसहरूले मुस्लिमहरूमा अश्लीलता (निर्लज्जता) फैलाउन चाहन्छन् उनीहरूको निम्ति दुनियाँ र आखिरतमा (लोक-परलोकमा) दुखद् यातना छ । र अल्लाह सबै जान्दछ र तिमी केही जान्दैनौ । (सूरतुन्नूर १९)

वेलेनटाइन डे अर्थात प्रेमको पर्व वास्तवमा प्राचीन युगहरूमा रोमीहरूको पर्व थियो । र वर्तामान युगमा यससित संलग्न अनेकौं कथाहरू प्रख्यात छन् जस मध्ये सर्व साधारणहरू बीच जुन अति प्रख्यात छ त्यो कथा यो हो कि एउटा वेलेनटाइन नामक व्यक्ति थियो जसले किशोर र किशोरीहरू बीच विवाह नगरिए पनि शारीरिक सम्बन्धलाई जायज ठहर गरेको थियो, र

कतिपयको भनाई अनुसार स्वयम् वेलेनटाइन प्रेममा परेर यस्तो गरेको कारण इंग्लैण्डको सरकारले १४ फरवरी २७० इस्वी संवतमा त्यसलाई फाँसीको सजाय सुनाएको थियो ।

त यसलाई पछि आएका न्यू जनरेशनले त्यसै व्यक्तिको सम्झना गर्दै १४ फरवरीको दिन प्रमको पर्व मनाउन थाले । र आज यो पर्व पूर्ण विश्वमा धुमधामले मनाइन्छ र यसमा अश्लीलता र निर्लज्जताका कार्यहरू गरिन्छ । बरु कैयौंको कथन अनुसार यसमा कथित व्यभिचार गरिन्छ । र केटा केटी किशोर किशारी पुरुष महिला एकआर्कालाई रातो रंग भएको गुलाबको फुल अर्पण गर्छन् र एकै साथ मौज मस्ती र नाचगान गर्छन् ।

त वर्तमानका नामका मुसलमानहरू पनि यसलाई मनाउनुमा कसैसित पछाडि छैनन् बरु उनीहरू एडवान्स हुनुको उन्मादमा यसलाई मनाउँछन् र आफ्ना किशोर किशोरीहरूलाई पनि यसमा सहभागी बनाउँछन् ।

र किशोरहरू त सालभरी यसको प्रतिक्षामा हुन्छन् किनकि हाम्रो नेपाली समाजमा सर्व साधारण बीच यो प्रख्यात छ कि यस दिन किशोरी किशोरले भनेको कुरालाई नकार्न सक्दैन

किनकि यो प्रेमको दिन हो यसर्थ यस दिन कति व्यभिचार हुन्छ तपाई आफै विचार गर्न सक्नु हुनेछ ।

तर यस्तो निर्लज्जता र अश्लीलताको पर्वको वैधानिकता बारे इस्लामको दृष्टि प्रष्ट छ । यस जस्ता समस्त कार्य र क्रियाकलाप इस्लाममा हराम एवं वर्जित छन्, यसलेगर्दा यो पर्व मनाउनु पनि निम्न कारणको आधारमा निषेधित र वर्जित छ :

पहिलो: यस कारण कि यो गैर मुस्लिमहरूको पर्व हो, त गैर मुस्लिमहरूको पर्व मनाउनु वा त्यसमा सहभागी हुनु त्यसको धर्मलाई सत्य ठान्नु हो । जस्तोकि शैखुल इस्लाम इब्ने तैमियाको कथन छ कि : पर्वहरू धर्म मध्येका हुन्, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ لِكُلٍّ جَعَلْنَا مِنكُمْ شِرْعَةً وَمِنْهَاجًا ﴾ المائدة: ٤٨

अर्थ : हामीले तिमीहरू मध्येबाट प्रत्येक समुदायका एउटा विधान र एउटा तरिका (पद्धति) निर्धारित गरेका छौं ...। ( सूरतुल् माइदः ४८ )

र अल्लाहको फर्मान छ :

﴿لِّكُلِّ أُمَّةٍ جَعَلۡنَا مَنسَكًا هُمۡ نَاسِكُوهُۖ﴾ الحج: ٦٧

अर्थ : प्रत्येक समुदायको निम्ति हामीले उपासनाको एउटा रीति निर्धारित गरिसकेका छौं जसको पालना उनीहरूले गर्दछन् । (सूरतुल् हज्ज ६७)

जसरी किब्ला, नमाज, व्रत ... आदि । तसर्थ गैर मुस्लिमको एक पर्वमा सहभागी हुनुमा र सबै पर्वहरूमा सहभागी हुनुमा कुनै भिन्नता छैन । किनकि सबैमा सहभागी हुनु नास्तिकता हो र मात्र एउटामा सहभागी हुनु पनि नास्तिकताको अंश र त्यसको धर्मको समर्थन हो, र त्यसको यस कार्यलाई सत्य ठहर गर्नु हो । ( इक्तेजाउस्सेरातल् मुस्तकीम १/२०७)

दोस्रो: दोस्रो कारण के छ भने यस पर्वलाई मनाउने मुसलमानहरू काफिरहरूको अनुरूपता अख्तियार गर्छन् जस्तोकि हदीसमा वर्णन छ कि : " जसले पनि कुनै समूह (कौम, जाति)को अनुरूपता ग्रहण गर्छ त्यो त्यसै समूह मध्येको भइहाल्छ " । (अबू दाऊद)

त यसलाई मनाए पश्चात मुसलमान काफिर भइहाल्छ ।

र शैखुल इस्लाम इब्ने तैमियाको कथन छ कि : मुसलमानको लागि यो जायज छैन कि काफिरहरूको अनुरूपता अख्तियार गरोस् चाहे यो अनुरूपता उनीहरूको पर्वमा सहभागीता गरेर होस् वा उनी जस्तै लुगा लगाएर, उनी जस्तो गहना लगाएर होस् वा उनी जस्तै स्नान गरेर वा आगो बालेर होस् ... । र यो पनि जायज छैन कि मुसलमानहरू तिनीहरूलाई कुनै यस्तो वस्तु उपहार गरुन् वा बिक्री गरुन् जुन उनीहरूलाई उनीहरूको यसकार्यमा सहायक होस् ... । र मुसलमान आफ्नो पर्वमा पनि गैर मुस्लिम जस्तो अनुष्ठानलाई नअपनाओस् नत उनीहरूको विशेषतालाई नै अख्तियार गरोस् .... । (मज्मूअ् फतावा शैखुल इस्लाम इब्ने तैमिया २५/३२९)

र इमाम जहबीको कथन छ : यदि ईसाई र यहूदीहरूका केही पर्वहरू छन् भने यी पर्वहरू उनीहरूका लागि विशिष्ट छन् तसर्थ त्यसमा मुसलमानको सहभागिता जायज छैन उस्तै जस्तोकि मुसलमान उनीहरूको धर्म र किब्लामा सहभागी हुँदैन । (तश्बीहुल् खसीस बेअहलिल खमीस प्रकाशित पत्रिका अंक ४/१९३)

र हदीसमा वर्णन छ हजरत अनस भन्नुहुन्छः “ जब रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रवास

गरेर मदीना नगरमा प्रस्थान गरे त मदीना बासीहरूलाई हेरे कि उनीहरूका दुई विशेष दिन थिए जसमा उनीहरू खेलकुद गरी रमाउँथे त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यसको वास्तविकताको बोरेमा प्रश्न गरे त उनीहरूले उत्तर दिए कि: हे अल्लाहका रसूल यी दुवै दिनमा हामीहरू अनभिज्ञ कालमा खेलकुद गरी रमाउँथें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: अल्लाहले यी दुवै दिनको सट्टामा त्यसभन्दा राम्रो दिन प्रदान गरेको छ र त्यो हो: ईदुल् फित्र र ईदुल् अजहा (अर्थात ईद र बक्रीदको पर्व) ” । (अबू दाऊद, र यस हदीसलाई अल्लामा अल्बानीले सही भन्नु भएको छ)

त यो हदीस यसकुरालाई प्रमाणित गर्छ कि विगतमा गुज्रेका समुदाय जाति र सम्प्रदायहरूका पर्वहरूलाई मनाउनु वा त्यसमा सहभागी हुनु जायज छैन किनकि हाम्रो लागि पनि दुई पर्व इस्लामले निर्धारित गरेछ जुन हाम्रो लागि उस्तै विशिष्ट छ जसरी काफिरहरूको लागि उनीहरूका पर्वहरू । तसर्थ उनीहरूको पर्वमा सहभागी हुनु वा कुनै प्रकारले पनि उनीहरूको अनुरूपता अख्तियार गर्नु जायज छैन ।

तेस्रो: तेस्रो कारण के छ भने यस पर्वमा अश्लीलता र निर्लज्जताका कार्यहरू गरिन्छ जुन इस्लाममा हराम र वर्जित छन् । अल्लाहको फर्मान छ :

﴿ وَٱلَّٰتِي يَأۡتِينَ ٱلۡفَٰحِشَةَ مِن نِّسَآئِكُمۡ فَٱسۡتَشۡهِدُواْ عَلَيۡهِنَّ أَرۡبَعَةٗ مِّنكُمۡۖ فَإِن شَهِدُواْ فَأَمۡسِكُوهُنَّ فِي ٱلۡبُيُوتِ حَتَّىٰ يَتَوَفَّىٰهُنَّ ٱلۡمَوۡتُ أَوۡ يَجۡعَلَ ٱللَّهُ لَهُنَّ سَبِيلٗا ١٥ ﴾ النساء: ١٥

अर्थ : तिम्रा आईमाईहरू मध्ये यदि कसैले व्यभिचार गर्दछिन भने त्यसको प्रमाणको निम्ति आफूमध्येबाट चार जनाको साक्ष्य प्रस्तुत गर । यदि तिनीहरूले गवाही दिन्छन् भने ती आईमाईहरूलाई मृत्यु नहुन्जेलसम्म घरैमा थुनिराख अथवा अल्लाहले तिनको लागि अर्को कुनै बाटो निकालोस् । (सूरतुन्निसा १५)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلَّذِينَ يُحِبُّونَ أَن تَشِيعَ ٱلۡفَٰحِشَةُ فِي ٱلَّذِينَ ءَامَنُواْ لَهُمۡ عَذَابٌ أَلِيمٞ فِي ٱلدُّنۡيَا وَٱلۡأٓخِرَةِۚ وَٱللَّهُ يَعۡلَمُ وَأَنتُمۡ لَا تَعۡلَمُونَ ١٩ ﴾ النور: ١٩

अर्थ : जुन मानिसहरूले मुस्लिमहरूमा अश्लीलता (निर्लज्जता) फैलाउन चाहन्छन् उनीहरूको निम्ति दुनियाँ र आखिरतमा (लोक-परलोक) दुखद् यातना छ। र अल्लाह सबै जान्दछ र तिमी केही जान्दैनौ । (सूरतुन्नूर १९)
र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ وَلَا تَقْرَبُوا۟ ٱلزِّنَىٰٓ ۖ إِنَّهُۥ كَانَ فَٰحِشَةً وَسَآءَ سَبِيلًا ﴾ ٣٢

﴿ الإسراء: ٣٢

अर्थ : खबरदार व्यभिचारतिर कदापि नलाग, किनभने त्यो ठूलो निर्लज्जता र धेरै नराम्रो बाटो हो । ( सूरतुल् इस्रा ३२ )
त यसखालका कार्यहरूमा इस्लामले दण्ड दिने चेतावनी दिएको छ र यसको नजिक पनि जानुबाट मनाही गरेको छ, र यससम्म पुऱ्याउने समस्त स्रोतहरूलाई निषेधित गरिदिएको छ । यस्ता खालका कुकर्महरूको बारेमा हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः " यदि विवाहितले व्यभिचार गऱ्यो भने त्यसलाई कोर्रा लगाई पत्थरले हानि हानि मारियोस्, र अविवाहितले व्यभिचार गऱ्यो भने कोर्रा लगाउने साथै देश निकाला गरियोस् " । ( मुस्लिम, अबू दाऊद, तिर्मिजी, इब्ने माजा )

र यससम्म पुऱ्याउने स्रोतलाई यसरी वर्जित गरेको छ :

﴿ وَقُل لِّلْمُؤْمِنَٰتِ يَغْضُضْنَ مِنْ أَبْصَٰرِهِنَّ وَيَحْفَظْنَ
فُرُوجَهُنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنْهَا ۖ
وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلَىٰ جُيُوبِهِنَّ ۖ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا
لِبُعُولَتِهِنَّ أَوْ ءَابَآئِهِنَّ أَوْ ءَابَآءِ بُعُولَتِهِنَّ أَوْ
أَبْنَآئِهِنَّ أَوْ أَبْنَآءِ بُعُولَتِهِنَّ أَوْ إِخْوَٰنِهِنَّ أَوْ بَنِىٓ
إِخْوَٰنِهِنَّ أَوْ بَنِىٓ أَخَوَٰتِهِنَّ أَوْ نِسَآئِهِنَّ أَوْ مَا مَلَكَتْ
أَيْمَٰنُهُنَّ أَوِ ٱلتَّٰبِعِينَ غَيْرِ أُو۟لِى ٱلْإِرْبَةِ مِنَ ٱلرِّجَالِ أَوِ
ٱلطِّفْلِ ٱلَّذِينَ لَمْ يَظْهَرُوا۟ عَلَىٰ عَوْرَٰتِ ٱلنِّسَآءِ ۖ وَلَا
يَضْرِبْنَ بِأَرْجُلِهِنَّ لِيُعْلَمَ مَا يُخْفِينَ مِن زِينَتِهِنَّ ۚ وَتُوبُوٓا۟ إِلَى
ٱللَّهِ جَمِيعًا أَيُّهَ ٱلْمُؤْمِنُونَ لَعَلَّكُمْ تُفْلِحُونَ ﴿٣١﴾ ﴾

النور: ٣١

अर्थ: र मोमिन स्त्रीहरूसित भनिदिनुस् कि उनीहरूले पनि आफ्ना दृष्टिहरू तल राख्ने गरुन् र आफ्नो पवित्रताको रक्षा गरुन् आफ्ना श्रृंगार प्रकट नगरुन्, त्यसबाहेक जुन खुल्ला

रहन्छ र आफ्ना वक्षस्थललाई दुपट्टाहरूले छोपी राखुन् र आफ्नो श्रृंगार कसैलाई प्रकट नगरुन्, आफ्ना पतिहरू वा आफ्ना बुबा वा आफ्नो पतिको बुबा वा आफ्नो छोरा वा आफ्ना पतिको छोरा वा आफ्ना खासै भाइहरू वा भतिजाहरू वा आफ्ना भान्जिहरू वा आफ्नो मेलजोलका स्त्रीहरू वा जो लौंडीहरू र उनीहरूको अधिनस्थ यस्ता पुरुषहरू जसमा स्त्रीको आवश्यकता हुँदैन, वा ती बच्चाहरू जो कि स्त्रीहरूको कुरोसित परिचित हुँदैनन् तिनीहरू बाहेक । र आफ्ना खुट्टाहरू भूईंमा बजारेर नहिड्नु कि उनीहरूको लुकेको श्रृंगार थाहा भइहालोस् । र मोमिनहरू हो ! तिमी सबै अल्लाहको अगाडि प्रयश्चित गर ताकि तिमी मुक्ति पाउन सक । ( सूरतुन्नूर ३१ )

﴿ وَلۡيَسۡتَعۡفِفِ ٱلَّذِينَ لَا يَجِدُونَ نِكَاحًا حَتَّىٰ يُغۡنِيَهُمُ ٱللَّهُ مِن
فَضۡلِهِۦۗ وَٱلَّذِينَ يَبۡتَغُونَ ٱلۡكِتَٰبَ مِمَّا مَلَكَتۡ أَيۡمَٰنُكُمۡ
فَكَاتِبُوهُمۡ إِنۡ عَلِمۡتُمۡ فِيهِمۡ خَيۡرٗاۖ وَءَاتُوهُم مِّن مَّالِ ٱللَّهِ ٱلَّذِيٓ
ءَاتَىٰكُمۡۚ وَلَا تُكۡرِهُواْ فَتَيَٰتِكُمۡ عَلَى ٱلۡبِغَآءِ إِنۡ أَرَدۡنَ تَحَصُّنٗا

لِّتَبۡتَغُواْ عَرَضَ ٱلۡحَيَوٰةِ ٱلدُّنۡيَاۚ وَمَن يُكۡرِههُّنَّ فَإِنَّ ٱللَّهَ مِنۢ بَعۡدِ
إِكۡرَٰهِهِنَّ غَفُورٞ رَّحِيمٞ ﴿٣٣﴾ النور: ٣٣

अर्थ : र जसले विवाहको अवसर पाइराखेका छैनन् उनीहरूले सच्चरित्र रहनु आवश्यक छ । यहाँसम्म कि अल्लाहले आफ्नो अनुग्रहबाट उनीहरूलाई समृद्ध गरिहालोस् । र तिम्रो दासहरू मध्ये जसले तिमीलाई केही दिएर स्वतन्त्र भएको लिखत गराउन चाहन्छ, भने तिमी उनीहरूलाई भद्र र नेक पाउँछौ भने उनीहरूसित मुकातबत् (मालिक र दासबीच स्वतन्त्रता सम्बन्धी सम्झौता) गरिहाल र अल्लाहले जुन सम्पति तिमीलाई प्रदान गरेको छ त्यसमध्येबाट उनीहरूलाई पनि देऊ र आफ्नो दासीहरूलाई यदि उनीहरू पवित्र रहन चाहन्छन्, भने सांसारिक जीवनको फाइदा प्राप्त गर्नको निम्ति उनीहरूलाई व्यभिचारको लागि बाध्य नगर्नु । र जसले उनलाई बाध्य गर्ने छ । त निश्चय नै उनीहरूलाई बाध्य गरिए पश्चात अल्लाहले उनीहरूको यस गल्तीको लागि क्षमा प्रदान गर्नेवाला छ ।     (सूरतुन्नूर ३३)

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّمَا ٱلۡخَمۡرُ وَٱلۡمَيۡسِرُ وَٱلۡأَنصَابُ وَٱلۡأَزۡلَٰمُ
رِجۡسٞ مِّنۡ عَمَلِ ٱلشَّيۡطَٰنِ فَٱجۡتَنِبُوهُ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٩٠ ﴾
المائدة: ٩٠

अर्थ : हे इमानवालाहरू ! मदिरा, जुआ बलिस्थान र शगुण पासा यी सबै अपवित्र र शैतानी कुराहरू मध्येका हुन् तसर्थ यिनीबाट टाढा रहनु ताकि मुक्ति प्राप्त गर्न सक । ( सूरतुल माइदः ९० )

त स्पष्ट यो भयो कि यस पर्वलाई मनाउनु हराम छ किनकि यसबाट काफिरहरूको समर्थन गर्नुको बोध हुन्छ र त्यसको धर्मलाई सत्य ठहर गर्नुको बोध हुन्छ। र यसमा अश्लीलता र निर्लज्जताका कार्यहरू गरिन्छन् जसलाई कुनै पनि सज्जन र भलो मानिस मनपराउँदैन बरु यसलाई मनपराउने मानिसलाई दैयूस र घृणित मानिस मानिन्छ र यस्ता मान्छेमाथि अल्लाहले स्वर्ग निषेधित गरिदिएका छन् जस्तो कि हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : “तीन प्रकारका मान्छेहरूमाथि अल्लाहले स्वर्गलाई निषेधित गरिदिएको छ, एउटा सदैव मदिरा सेवन गर्नेवाला माथि, दोस्रो माता पिताको अवज्ञा गर्ने मानिसमाथि, र तेस्रो

दैयूसमाथि जुन आफ्नो पत्नीको निर्लज्जतामा समर्थन गर्छ" । ( अहमद, हाकिम, बैहकी )
र जब यस पर्वको बारेमा शैख सालेह इब्ने उसैमीनसित सोधियो त उहाँले भन्नु भयो: यो प्रेमको पर्वको वर्जित हुनुका केही कारणहरू छन् जसम्ध्ये केही निम्न हुन्:
१- यो यस्तो पर्व हो जसबाट इस्लामीय विधानको कुनै सरोकार छैन नत कुनै संलग्नता नै छ ।
२- यो पर्व निर्लज्जता र अश्लीलता एवं अमानवीय कार्यहरूतर्फ आकर्षित गर्छ ।
३- यो पर्व इस्लाम विरोधी क्रियाकलापतर्फ आमन्त्रण गर्छ, र हाम्रा सदाचारी महान पुरुषहरूको पद्धति विरुद्ध पनि छ । यसलेगर्दा यसदिन काफिरहरूको खानपानमा लुगा लगाउनुमा त्रियाकलाप आदिमा अनुरूपता अख्तियार गर्नु वा त्यसमा सहभागी हुनु जायज छैन । (मज्मूअ फतावा शैख सालेह बिन उसैमीन १६/१९९)
र जब शैख जबीरैनसित यस पर्वको बारेमा सोधियो त उहाँले भन्नु भयो:
पहिलो: यो नौलो अविष्कृत पर्व हो र यसजस्ता समस्त पर्वहरू बिदअत हुन् र यस हदीसको अर्थ

अन्तर्गत आउँछन् जसलाई हजरत आइशा रजिअल्लाहु अन्हाले वर्णन गर्नु भएको छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " जसले पनि हाम्रो यस धर्ममा कुनै नौलो कुरो अविष्कृत गऱ्यो जुन यसमध्येको होइन त त्यो कुरो अमान्य छ अस्वीकृत छ " । ( बुखारी, मुस्लिम )

दोस्रो: यस पर्वमा काफिरहरूको अनुरूपता अख्तियार गर्नु पनि छ र उनीहरूको समर्थन एवं उनीहरूको पर्व एवं धर्मको सम्मान गर्नु र त्यसको समर्थन गर्नु पनि छ र हदीसमा छ: " जसले पनि कुनै समूह (कौम, जाति)को अनुरूपता ग्रहण गर्छ त्यो त्यसै समूह मध्येको भइहाल्छ " । (अबू दाऊद)

तेस्रो: यसपर्वद्वारा जुन विगार उत्पन्न हुन्छ र जस्तो प्रकारले यसमा निर्लज्जता र अश्लीलता गरिन्छ, र नाचगान गरिन्छ, र मदिरा सेवन एवं किशोर किशोरीहरूको एकआर्कासित मिलाप हुन्छ यो सबै कारणले गर्दा यो पर्व मुसलमानको लागि जायज छैन ।

र जब सउदीको विद्हरूको संगठन लज्नतुद्दाइमासित यसको बारेमा प्रश्न गरियो त यस संगठनले विस्तारले यसको हराम हुनुमा

प्रकाश पार्‍यो जसलाई निम्नको फतवामा हेर्नुस्: फतवा नं. २१२०३, फतावा लज्नतुद्दाइमा तारीख २३/११/१४२० हिज्री संवत ।
संक्षेपमा यो बुझ्नुस् कि यस संगठनले मात्र यस पर्वमा सहभागितालाई वर्जित भनेको छैन बरु यसमा कामलाग्ने वस्तुहरुको बिक्री गर्नुलाई पनि त्याजय भनेको छ ।
यसलेगर्दा हे भाइ ! तपाईलाई यो ज्ञात रहोस् कि यो काफिरहरूको पर्व हो, इस्लामको यसबाट दूर दूरको पनि कुनै सरोकार छैन नत यसको इस्लाममा कुनै स्थान छ बरु यसमा त ती समस्त क्रियाकलापहरू गरिन्छन् जुन इस्लाम विरोधी छन् । यसलेगर्दा यसबाट टाढा रहनुस् र आफ्नो घरपरिवार, केटा केटी, किशोर किशोरीहरूलाई पनि यसबाट जोगाउनुस् किनकि यो तपाईको परम् कर्तव्य हो अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ٦ ﴾ التحريم: ٦

अर्थ : हे आस्थावानहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । ( सूरतुत्तहरीम ६ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ कि हामीहरू कुरआन हदीसलाई राम्ररी समातौं हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “जुन व्यक्ति पनि म पछि जीवित रहनेछ त्यो धेरै विवादहरू हेर्नेछ तसर्थ यस्तो अवस्थामा तिमीहरू मेरो पद्धति र मेरा सत्मार्गी सदाचारी उत्तराधिकारीहरूको पद्धतिलाई बलपूर्वक समासति राख्नु, र तिमीहरू धर्ममा नौलो कुरो अविष्कृत गर्नुबाट टाढा नै रहनु किनकि प्रत्येक नौलो अविष्कृत कुरा पथभ्रष्टता हो” । (अबू दाऊद, तिर्मिजी)

हे भाइ ! मेरो तपाईसित नम्रतापूर्वक निवेदन छ कि काफिरहरूको समर्थन नगर र आफूलाई यति एडवान्स नबनाऊ कि तपाईको परलौकिक जीवन कष्टमय भइहालोस् । र यी काफिरहरूको

अनुरूपता ग्रहण गर्नुले काफिरहरू तिम्रो मित्र कदापि हुन्सक्दैनन् नत यिनीहरूको पर्वमा सहभागिताले तिम्रो लागि यिनीहरूको हृदयमा प्रेम नै उत्पात गर्छ यिनी तिम्रो शत्रु हुन् र सदैव रहन्छन् र तबसम्म यिनी तिम्रो हितैषी हुन्सक्दैनन् जबसम्म तिमी यिनीहरूको मिथ्या धर्मलाई स्वीकार्दैनौ । जस्तोकि अल्लाहले यसको बारेमा पवित्र कुरआनमा उसरी खबर दिएको छ कि:

﴿ وَلَن تَرۡضَىٰ عَنكَ ٱلۡيَهُودُ وَلَا ٱلنَّصَٰرَىٰ حَتَّىٰ تَتَّبِعَ مِلَّتَهُمۡۗ قُلۡ إِنَّ هُدَى ٱللَّهِ هُوَ ٱلۡهُدَىٰۗ وَلَئِنِ ٱتَّبَعۡتَ أَهۡوَآءَهُم بَعۡدَ ٱلَّذِي جَآءَكَ مِنَ ٱلۡعِلۡمِ مَا لَكَ مِنَ ٱللَّهِ مِن وَلِيّٖ وَلَا نَصِيرٍ ١٢٠ ﴾

البقرة: ١٢٠

अर्थ : तपाईसित यहूदी र ईसाई कहिले पनि सहमत (राजी) हुने छैनन्, जबसम्म तपाई तिनीहरूको धर्मको अनुयायी बन्नु हुन्न । (हे पैगम्बर !) भनिदिनु कि अल्लाहको मार्गदर्शन नै मार्ग दर्शन हो र तपाईसंग ज्ञान आइसके पछि पनि यदि तपाईले उनीहरूको इच्छाको वकालत गर्नुभयो भने अल्लाहसंग तिम्रो न कुनै पक्षधर हुनेछ न कोही सहायता गर्नेवाला । ( सूरतुल् बकर: १२० )

यसलेगर्दा एडवान्स बन्ने अडम्बर गरी उनीहरूको प्रेम पाउने आशामा नरहनु नत्र तिम्रो संसारिक र परलौकिक दुवै जीवन नर्क भइहाल्छ । मेरो अल्लाहसित विन्ती छ कि अल्लाह हामी सबैलाई यस्ता निराधार र निर्लज्जतापूर्ण क्रियाकलापहरूबाट जोगाउन् । र हाम्रा जुन भाइहरू यस पर्वमा सहभागी हुन्छन् उनीलाई मार्गदर्शन गरुन् आमीन ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# ***समाप्त***

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9814499140-9727649238

00966-0501372254

Email-atiqkhannp1982@yahoo.com